छायाँनाथ रारा नगरपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड: ७ संख्याः ३ २०८० कार्तिक २२ गते

भाग-२

छायाँनाथ रारा नगरपालिका, मुगुको

सूचना

छायाँनाथ रारा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संवत २०८० सालको कार्यविधि नं. ८**

## छायाँनाथ रारा नगरपालिका महिला तथा युवा संग नगर उपप्रमुख स्वरोजगार कार्यक्रम संचालन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८०

**<u>प्रस्तावनाः</u>** छायाँनाथ रारा नगरपालिका महिला तथा युवा संग नगर उपप्रमुख स्वरोजगार कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी छायाँनाथ रारा नगरपालिकाले यो कार्यविधि बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "छायाँनाथ रारा नगरपालिका स रहेको छ।

(२) यो कार्यविधि स्थानिय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ।

२. **<u>छायाँनाथ रारा नगरपालिका महिला तथा युवा संग नगर उपप्रमुख स्वरोजगार कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ को प्रस्तावनामा संशोधनः</u>** छायाँनाथ रारा नगरपालिका महिला तथा युवा संग नगर उपप्रमुख स्वरोजगार कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ (यस पछि "मूल कार्यविधि" भनिएको) को प्रस्तावनामा,–

(१) "वाञ्छनीय भएकाले" शब्द पछिको शब्दहरु को सट्टा देहायका शब्द थपिएको छः-
"स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकारलाई प्रयोग गरी छाँयानाथ रारा नगरपालिका मुगुको नगर कार्यपालिकाले यो कार्यविधि बनाई जारी गरिएको छ।"

३. **<u>मूल कार्यविधिको दफा १ मा संशोधनः</u>** मूल कार्यविधिको दफा १ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-
"(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ।"

४. **<u>मूल कार्यविधिको परिच्छेद-२ मा संशोधनः</u>** मूल कार्यविधिको परिच्छेद-२ को,-

(१) परिच्छेद-२ को सट्टा देहायको परिच्छेद-२ राखिएको छः-
"परिछछेद-२ "कार्यक्रम सञ्चालनका लक्ष्य, उद्देश्य र गठन"

७. **<u>मूल कार्यविधिको दफा ३ मा संशोधनः</u>** मूल कार्यविधिको दफा ३ को,-

(१) दफा (३) को सट्टा देहायको शब्द राखिएको छः-
"कार्यक्रम सञ्चालनका लक्ष्य, उद्देश्यहरु"

८. **<u>मूल कार्यविधिको परिच्छेद-३ मा संशोधनः</u>** मूल कार्यविधिको परिच्छेद-३ को,-

(१) परिच्छेद-३ को "परिच्छेद-३, कार्यालय सञ्चालन तथा कार्यन्वयन" भन्ने शब्दहरु झिकिएको छ।

(२) उपदफा (१) को "कार्यक्रम संचालन सम्बन्धमा" भन्ने शब्दहरु झिकिएको छ।

९. **<u>मूल कार्यविधिको दफा ४ मा संशोधनः</u>** मूल कार्यविधिको दफा ४ को,-

(१) उपदफा (१) को "कार्यक्रम संचालन सम्बन्धमा" भन्ने शब्दहरु झिकिएको छ।

१०. **<u>मूल कार्यविधिको दफा ५ मा संशोधनः</u>** मूल कार्यविधिको दफा ५ को,-

(१) उपदफा (१) को खण्डहरुको सट्टा देहायको खण्डहरु राखिएको छः-

(क) नगर उपप्रमुख -अध्यक्ष
(ख) नगर कार्यापालिकाको महिला सदस्य मध्येबाट एक जना -सदस्य
(ग) महिला तथा वालवालिका शाखाका शाखा प्रमुख -सदस्य
(घ) शिक्षा तथा युवा खेलकुद विकास शाखाका शाखा प्रमुख -सदस्य
(ङ) नगर उपप्रमुखले तोकेको एक जना -कार्यक्रम संयोजक"

(२) उपदफा (३) मा "५ वर्ष" भन्ने शब्दको सट्टा "पाँच वर्ष" भन्ने शब्द राखिएको छ।

(३) उपदफा (५) मा "दफा ५ (१) को खण्ड (क), (ख), (ग) र (घ) बमोजिम" भन्ने शब्दको सट्टा "दफा ५ उपदफा (१) को खण्ड (क), (ख), (ग) र (घ)"

११. **मूल कार्यविधिको दफा ६ पछि देहायको परिच्छेद-३ थप गरिएको:** मूल कार्यविधिको परिच्छेद-३ थप भएको,-

(१) देहायको परिच्छेद-३ "परिच्छेद-३, समितिको काम, कर्तव्य र अधिकार" भन्ने शब्दहरु राखिएको छ।

९. **मूल कार्यविधिको दफा ९ मा संशोधन:** मूल कार्यविधिको दफा ९ को,-

(१) उपदफा (१) मा रहेको "समितिको बैठक हरेक १ महिनामा" भन्ने शब्दको सट्टा देहायको शब्द राखिएको छः-

"समितिको बैठक हरेक एक महिनामा"

१०. **मूल कार्यविधिको परिच्छेद-४ झिकिएको:** मूल कार्यविधिको परिच्छेद-४ झिकिएको छ।

११. **मूल कार्यविधिको परिच्छेद-५ मा संशोधन:** मूल कार्यविधिको परिच्छेद-५ को,-

(१) परिच्छेद-५ "समितिको कोष" भन्ने शब्दको सट्टा देहायको शब्द राखिएको छ,-

"परिच्छेद-४, "समितिको कोष"

१२. **मूल कार्यविधिको दफा १२ मा संशोधन:** मूल कार्यविधिको दफा १२ को,-

(१) उपदफा (१) को खण्ड (ग) मा उल्लेख भएको "१ जना" को सट्टा देहायको "एक जना" शब्दहरु राखिएको छ।

१३. **मूल कार्यविधिको परिच्छेद-६ मा संशोधन:** मूल कार्यविधिको परिच्छेद-६ को,-

(२) परिच्छेद-६ "कार्यालय, कर्मचारी व्यवस्थापन, छाप" भन्ने शब्दको सट्टा देहायको शब्द राखिएको छ,-

"परिच्छेद-६, "कार्यालय, कर्मचारी व्यवस्थापन, छाप"

१४. **मूल कार्यविधिको दफा १५ मा संशोधन:** मूल कार्यविधिको दफा १५ को,-

(१) उपदफा (१) र (२) को सट्टा देहायको उपदफा (१) र (२) भन्ने शब्द राखिएको छः-

"(क) नगरपालिका भित्र महिला तथा युवा संग नगर उपप्रमुख स्वरोजगार कार्यक्रम संचालन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८० को संशोधन गर्न आवश्यक भएमा समितिले तयार गरी नगरपालिका प्रमुख समक्ष पेश गर्नु पर्छ।

(ख) प्रस्तावित महिला तथा युवा संग नगर उपप्रमुख स्वरोजगार कार्यक्रम संचालन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८० संशोधन प्रस्ताव उपयुक्त लागेमा नगर प्रमुखले कार्यपालिकामा पेश गरी कार्यपालिकाले स्वीकृत दिएपछि मात्र संशोधन भई कार्यन्वयन हुनेछ।"

**१५. <u>रुपान्तरः</u>** मूल कार्यविधिमा रहेका "पर्नेछ" शब्दको सट्टा "पर्छ" शब्द राखिएका छन।

निर्णय भएको मितिः २०८०/०७/२२

आज्ञाले,
पशुपती शाही
नि.प्रमुख प्रशासकीय अधिकृत